राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २२ ❑ अङ्क ३३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १३ गते मंगलबार ❑ 28 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-






हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अध्यक्ष प्रचण्डको प्रतिवेदनमा आत्मआलोचनादेखि युवालाई रोजगारीसम्म

**रासस**
**काठमाडौं , १२ पुस**

नेकपा(माओवादी केन्द्र)ले पार्टीका नेता तथा कार्यकर्ता अनिवार्य रूपमा १५ दिन श्रमसँग जोडिनुपर्ने प्रस्ताव गरेको छ।

राजधानीमा जारी आठौँ राष्ट्रिय महाधिवेशनको क्रममा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पेश गर्नुभएको वैचारिक तथा राजनीतिक दस्तावेजमा पार्टीलाई उत्पादनसँग जोड्ने प्रस्ताव गर्नुभएको हो।

उत्पादनसँग जोडेर सबै नेता तथा कार्यकर्ताले शारीरिक श्रम गर्नुपर्ने र वर्षमा कम्तीमा पनि १५ दिन त्यस्तो श्रममा सहभागी हुनुपर्ने उहाँको प्रस्ताव छ । दुई घण्टाभन्दा बढी समय लगाएर प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदनमा गत स्थानीय तहको निर्वाचनमा पार्टीले जीत निकालेको स्थानीय तह तथा सङ्गठन प्रभावकारी भएको क्षेत्रमा ५०/५० जनाका दरले युवा परिचालन गरी कृषि कर्ममा लगाउने उल्लेख छ ।

अध्यक्ष प्रचण्डले नेपाली मौलिकता र विशेषतासहितको नेपाली पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको उल्लेख गर्दै नेपालको मौलिक विशेषतासहितको समाजवाद निर्माणका लागि अगाडि बढ्ने विषयलाई प्रमुख प्राथमिकता दिनुभएको छ। समाजवाद प्राप्तिको बाटो र प्रक्रिया आफ्नै खालको हुने विषय वस्तुलाई अध्यक्ष प्रचण्डले विशेष जोड दिनुभएको छ। बन्दसत्रमा सहभागी प्रतिनिधिका अनुसार "नेपाली मौलिकतासहित पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली विशेषतामा आधारित प्रणाली हो । हामीले स्थापना गर्ने भनेको समाजवाद पनि नेपाली मौलिकताको नै हुनेछ।"

यस्तै राजनीतिक प्रतिवेदनमा



अध्यक्ष प्रचण्डले स्वदेशमा नै युवालाई रोजगारीको वातावरण बनाउने विषयलाई प्रमुख प्राथमिकता दिनुभएको छ। त्यसका लागि केही सरकारी नीति पनि प्रतिकूल रहेको उल्लेख गर्दै उहाँले मुलुकमा उत्पादन र विकास निर्माणको प्रचुर सम्भावना भए पनि राज्यको गलत नीतिका कारण अहिले लाखौँ युवा विदेश जान बाध्य भएको बताउनुभएको छ।

देशमा नै युवालाई रोजगारी सिर्जना गराउन र उनीहरूलाई राष्ट्रिय महाअभियानमा जोड्नुपर्ने उहाँको प्रतिवेदनमा उल्लेख छ। त्यसका लागि पालिका, जिल्ला, प्रदेश र केन्द्रीय सरकारले आफ्नो नीतिमा परिमार्जन गर्दै समन्वयात्मक भूमिका खेल्नुपर्ने प्रचण्डको जोड छ । हरेक पालिकामा कम्तीमा ५० जना व्यक्ति संलग्न गरी अनिवार्य एक कृषि उद्योग ६ महिनाभित्र स्थापना गर्ने उहाँको योजना छ। स्थानीय बजारलाई ध्यानमा राख्दै खाद्यान्न, तरकारी, नगदेवालीलगायत बजार सुहाउने उत्पादनमा जोड दिइनेछ। ठूलो परिणाममा काम गर्न दुई वा दुईभन्दा बढी पालिकाले त्यस्ता उद्योग व्यवस्थाय सञ्चालन गर्न सक्ने अध्यक्ष प्रचण्डले आफ्नो राजनीतिक प्रतिवेदनमा उल्लेख गर्नुभएको छ। जिल्ला र पालिकास्तरका उद्यमीबीच समन्वय गराउने र बजार व्यवस्थामा सहयोग गर्ने, जिल्लास्तरबाट प्राविधिक सहयोगको व्यवस्था गर्ने, पूर्वाधार निर्माणमा पालिका, जिल्ला र प्रदेशको समन्वय गर्ने उहाँको प्रतिवेदनको सार छ । प्रदेशले जिल्लाबाट अनुरोध भएका क्षेत्रमा प्राविधिक सहयोग गर्ने अन्तर जिल्ला समन्वय गर्ने गराउने, प्रदेशले प्रदेश कम्तीमा १०० जनालाई रोजगारी दिन गरी उद्योग स्थापना गर्ने विषयले प्रतिवेदनमा प्राथमिकता पाएको छ। केन्द्रमा केन्द्रीयस्तरको प्रशिक्षण केन्द्र बजार व्यवस्था र उद्योग व्यवसाय पहिचान गर्ने र पार्टीका हरेक कार्यकर्ताले वर्षमा कम्तीमा एकपटक स्थानीय जनसमुदायसँग बसेर श्रम गर्ने विषयलाई प्रतिवेदनले प्रमुख प्राथमिकतामा राखेको छ।

सामान्यता राजनीतिक नेतृत्वले आफूले गरेको गल्ती स्वीकार गर्न चाहँदैनन् । मानवीय स्वभाव पनि गल्ती स्वीकार गर्ने खालको हुँदैन तर माओवादी अध्यक्ष प्रचण्डले शान्ति प्रक्रियामा आएपछिको १५ वर्षमा पार्टी नेतृत्वका क्रममा आफूबाट भएको गल्ती स्वीकार गर्दै त्यसलाई नदोहोऱ्याउने प्रतिबद्धता गर्नुभएको छ। उहाँले यसबीचमा मुख्य गरी तीन वटा गल्ती गरेको उल्लेख गर्नुभएको छ । उहाँले त्यसलाई आत्मसमीक्षा भन्नुभएको छ। उहाँले पालुङटारमा भएको पार्टीको विस्तारित बैठकपछि मुखमा चुनाव मनमा विद्रोहको नीति लिनुलाई पहिलो गल्तीको रूपमा औँल्याउनुभएको छ । त्यतिबेला विद्रोहमा कुरा गर्नुहुँदैन थियो भन्ने उहाँको स्वीकारोक्ति छ।

उहाँले सेना समायोजनका क्रममा पार्टीमा छलफल नगर्नुलाई पनि आफ्नो गल्तीका रुपमा स्वीकार गर्नुभएको छ। त्यस विषयमा पार्टीमा छलफल गरेर निर्णय गर्नुपर्ने भए पनि त्यसअनुसार हुन नसकेको उहाँको भनाइ छ । यसैगरी उहाँले प्रचण्डपथलाई हठात् स्थगित गर्नुलाई पनि गल्तीको रूपमा उल्लेख गर्नुभएको छ । पार्टीको कुनै तहमा छलफल गरेर मात्रै निर्णय लिनुपर्ने थियो भन्ने उहाँको भनाइ छ।

नेपालको संविधानमा केही सीमा रहेका कारण सबै वर्ग, जाति क्षेत्र र समुदायको पहिचान र अधिकारसहित सङ्घीयता संस्थागत हुन नसकेको उहाँको प्रतिवेदनमा उल्लेख छ। संविधानसभामा आफ्नो पार्टीले केही विषयमा भिन्न मत राखेको स्मरण गर्दै अध्यक्ष प्रचण्डले केही विषयमा संविधान संशोधनको आवश्यकता औँल्याउनुभएको छ।

उहाँले भन्नुभएको छ, "हाम्रो संविधानले जुन दिशामा अगाडि बढ्ने सैद्धान्तिक राजनीतिक कानुनी आधार लिएको छ । समाजवाद उन्मुख अर्थ राजनीति प्रक्रियाबाट वैज्ञानिक समाजवादमा अगाडि बढ्ने आधार भएकाले दलाल नोकरशाहीले यो संविधान नै उल्ट्याउने र निरङ्कुश प्रणाली ल्याउने तीव्र षडयन्त्र गरिरहेका छन् ।"

उहाँले कम्युनिष्ट पार्टीको आदर्शका रूपमा रहेको मालेमावादको सिद्धान्तमा कुनै सम्झौता नगरी आजको स्थितिमा शान्तिपूर्ण रुपले सडक सदन र सरकारको मञ्चबाट समाजवादको आधार तयार पार्न अधिकतम जोड दिइरहेको उल्लेख गर्नुभएको छ। उहाँले दुई/दुई पटक प्रतिनिधिसभाको विघटन गर्ने कार्यलाई प्रतिगमनको संज्ञा दिँदै वर्तमान गठबन्धनले संविधानको रक्षा गरेको स्पष्ट पार्नुभएको छ।

## कालिका बहुमुखी क्याम्पसको ३० औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ पुस**

पोखरा महानगरपालिका वडा नं १४ काजीपोखरी स्थित कालिका बहुमुखी क्याम्पसको ३० औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी सोमबार सम्पन्न भएको छ।

वार्षिकोत्सवको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले सामुदायिक क्याम्पसहरुको समस्यालाई गण्डकी प्रदेश सरकारले पहिचान गरिसकेको र चाँडै नै क्याम्पसहरुसँग आवश्यक सल्लाह गरी समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले कालिका बहुमुखी क्याम्पस गुणस्तरीय शिक्षा प्रदान गर्न प्रतिवद्ध देखिएकोले प्रदेश मै सर्वोत्कृष्ट क्याम्पस हुने विश्वास व्यक्त गर्नुभएको थियो । कार्यक्रममा क्याम्पसको स्थापना एवं शैक्षिक विकासको लागि योगदान पुऱ्याउने संस्थापक क्याम्पस प्रमुख स्व. वलविर सिंह नेगी र संस्थापक उपाध्यक्ष स्व. सन्त बहादुर गुरुङलाई मरणोपरान्त सम्मान गरिएको थियो। स्व. नेगीका छोरा प्रमुख सेनानी सन्दिप सिंह नेगी र स्व. गुरुङका छोरा गौरव गुरुङलाई प्रमुख अतिथि मुख्यमन्त्री नेपालीले उक्त मरणोपरान्त सम्मानपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा लामो समय अवधि अध्यापन गरी बिदाई हुने क्याम्प्सका प्राध्यापक डा.यदुनन्दन ढकाल, डा.ज्ञानबहादुर कार्की र प्रेमलाल बराललाई सम्मान गरिएको थियो। त्यसैगरी क्याम्पसमा अध्यापनरत प्राध्यापक खडानन्द लामिछाने र कर्मचारी देवी वि.क.लाई क्याम्पसको तर्फबाट प्रमुख अतिथि



मुख्यमन्त्री नेपालीले सम्मान गर्नुभएको थियो। कार्यक्रममा भलिबल, फुटबल, टेबलटेनिस, ब्याटमिन, बुद्धिचाल, लङ्ग जम्प, हाई जम्प लगायतका खेलमा उत्कृष्ट विद्यार्थीहरुलाई क्याम्पसका कार्यवाहक अध्यक्ष किरण के.सी.ले पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । यसैगरी क्याम्पसमा सम्पन्न भएका कविता प्रतियोगिता, निबन्ध प्रतियोगिता, हाजिरजवाफ प्रतियोगिता, वादविवाद प्रतियोगिताका विजयी विद्यार्थीलाई क्याम्पसका सञ्चालक समिति एवं संरक्षक, सिनेटर र प्राध्यापकहरुले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । सोही कार्यक्रममा क्याम्पसमा स्थापित सूर्य-प्रेम छात्रवृत्ति अक्षयकोष, केदार मनभुजा छात्रवृत्ति अक्षयकोष, लक्ष्मण चन्द्र लक्ष्मी छात्रवृत्ति अक्षयकोष र मोहन स्मृति छात्रवृत्ति कोषबाट प्राप्त रकम विद्यार्थीहरुलाई प्रदान गरिएको थियो। क्याम्पस सञ्चालक समितिका कार्यवाहक अध्यक्ष किरण के.सी.को सभापतित्वमा सम्पन्न सो समारोहमा पब्लिक क्याम्पसका केन्द्रीय सम्पादन समितिका सदस्य एवं जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विरञ्जी गौतम, वडा नं १४ का वडा अध्यक्ष प्रेमबहादुर कार्की, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, प्राध्यापक विरबहादुर बुढाथोकी, विद्यार्थी कल्याण समितिकी अध्यक्ष समिक्षा चपाईं लगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा क्याम्पस प्रमुख रवीन्द्रनाथ बाँस्तोलाले क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख वसन्त अधिकारीले गरेका थिए भने धन्यवाद ज्ञापन सहायक क्याम्पस प्रमुख शालिकराम तिमिल्सिना र स्वागत सञ्चालक समितिका उपाध्यक्ष बोधबहादुर कार्कीले गरेका थिए । कार्यक्रममा प्राध्यापक शंकर ज्ञवालीले कविता वाचन गरेका थिए।

सो कार्यक्रमको सञ्चालन विद्यार्थी कल्याण समितिका करिना गुरुङ र ईशान बुढाथोकीले गरेका थिए। २०४८ सालमा स्थापना भएको कालिका बहुमखी क्याम्पसमा स्नात्तकोत्तर तह देखि कक्षा ११/१२ सम्मको पठनपाठन हुँदै आएको छ।

## कांग्रेसमा जनताको आकर्षण बढ्दो छ : पूर्वमन्त्री भण्डारी

**पोखरापत्र संवाददाता**
**दमौली, १२ पुस**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले पार्टीमा जनताको आकर्षण बढिरहेको बताउनुभएको छ।

नेपाली काङ्ग्रेस बन्दिपुर गाउँसमिति-५ ले आज आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा पूर्वमन्त्री भण्डारीले कांग्रेस जनताको भरोसायोग्य पार्टी भएको उल्लेख गर्नुभयो । "देशैभर कांग्रेस प्रवेश गर्नेको लहर छ, जनताको आकर्षणले पार्टीलाई थप सुदृढ बन्न सहयोग पुग्छ", भण्डारीले भन्नुभयो, "जनताको भरोसा टुट्न दिँदैनौँ ।" पूर्वमन्त्री भण्डारीले कांग्रेसलाई सबल र सक्षम बनाउन तल्लो तहदेखि नै कार्यकर्ता लाग्नुपर्नेमा जोड दिनुभयो।

भण्डारीले निकट विषयमा हुने तीनवटै तहको निर्वाचन कांग्रेसले जित्ने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "निर्वाचन जित्न अहिलेदेखि नै सङ्गठन सुदृढ बनाउनेतर्फ लागौँ, सबै एकजुट भएर लागेको खण्डमा कांग्रेस हार्दैन।" मुलुक र मुलुकवासीको भविष्य नेपाली कांग्रेसको हातमा रहेको उल्लेख गर्दै भण्डारीले जनताले तीन तहको निर्वाचनमा कांग्रेसलाई साथ दिने विश्वास व्यक्त गर्नुभयो।

मुलुकमा भएका सबै विकास र परिवर्तन कांग्रेसकै नेतृत्वमा भएको उहाँको भनाइ थियो। भण्डारीले कम्युनिष्टबाट देश सञ्चालन हुन नसक्ने भन्दै कम्युनिष्टले जनमतको कदर नगरेको आरोप लगाउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस तनहुँका उपसभापति देवकुमार श्रेष्ठ, सहसचिव परमेश्वर भट्टराई, पूर्वसचिव समुन्द्र गोदार, बन्दिपुर गाउँ सभापति कर्ण खत्रीलगायतले पार्टीलाई बलियो बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

## २७१ संक्रमित थपिए

**रासस**
**काठमाडौं, १२ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप २७१ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

यस अवधिमा १० हजार ८८६ को पीसीआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पीसीआर परीक्षण गरिएका सङ्क्रमितको सङ्ख्या आठ लाख २७ हजार ५२२ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या ९६ हजार १५१ पुगेको छ । पछिल्लो समय थप २२५ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुने सङ्ख्या आठ लाख ११ हजार पाँच पुगेको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५८६ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ । पछिल्लो समय पाँच लाख ६८ हजार ३१९ ले कोरोना भाइरस विरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ।

## कांग्रेसको १६ जिल्लाको अधिवेशन पुस २७ गते

**रासस**
**काठमाडौं, १२ पुस**

नेपाली कांग्रेसको १६ जिल्लाको अधिवेशन आगामी पुस २७ गते हुने भएको छ।

नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिको सोमबार बसेको बैठकले पार्टीको १४औँ महाधिवेशनका लागि अधिवेशन हुन नसकेका १६ जिल्लाको अधिवेशन २७ गतेसम्म सम्पन्न गर्ने निर्णय गरेको निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो।


# आवश्यकता

**यस श्री कालिका पब्लिक कलेज पोखरा महानगरपालिका वडा नं. १० मा स्नातक तहमा अध्यापन गराउन मिति २०७८/०९/११ गते बसेको कलेज संचालक समितिको बैठकको निर्णय अनुसार तपसिल बमोजिमका आंशिक शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुनाले योग्यता पुगेका दक्ष अनुभवी नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आव्हान गरिएको छ।**

**तपसिल**

| क. स. | पद | आवश्यक संख्या | तह | विषय | योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| १. | अंग्रेजी शिक्षक (आंशिक) | २ | स्नातक तह बि.एड (B.Ed) | अंग्रेजी | मान्यता प्राप्त विश्वविद्यालयबाट अंग्रेजी विषयमा एम एड वा सो सरह उत्तीर्ण गरि कम्तिमा दोस्रो श्रेणी प्राप्त गरेको |
| २ | व्यवस्थापन विषय शिक्षक (अंशिक) | १ | स्नातक तह वि.वि.एस. (BBS) | सामान्य प्रशासन (General Management) | मान्यता प्राप्त विश्वविद्यालयबाट समानन्य प्रशासन विषयमा एमविएस वा सो सरह उत्तीर्ण गरि कम्तिमा दोस्रो श्रेणी प्राप्त गरेको |

**आवेदन शुल्क : रु ५००/- (पाँच सय मात्र)**
**परीक्षाको किसिम : कक्षा अवलोकन र अर्न्तवार्ता**
**दरखास्त दिने अन्तिम मिति : २०७८/०९/१९ गतेसम्म**
**सेवा तथा सुविधा : कलेजको नियमानुसार**

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु:**

१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
३) अनुभवका प्रमाणपत्रको प्रतिलिपी

**सम्पर्क मिति : २०७८/०९/२० गते**
**परीक्षा मिति : सम्पर्क मितिको दिन तय गरिने छ।**

**विस्तृत जानकारीका लागि:**

**कालिका पब्लिक कलेज**
पोखरा-१० रामबजार
**फोन नं. ०६१-४३२७४४, ९८५६०७२५५२**
email: kalikapubliccollege@gmail.com

# नाटक लेखन कार्यशाला सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

पोखरामा आयोजित ११ दिने नाटक लेखन कार्यशाला सम्पन्न भएको छ।



गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजना तथा पोखरा थिएटरसँगको सहकार्यमा पौष १ गतेबाट सुरु भएको कार्यशालामा ८ जना प्रशिक्षार्थी सहभागी बनेका थिए । कार्यशालाको सहजीकरण निर्देशक तथा अभिनेता खगेन्द्र लामिछानेले गर्नुभएको थियो । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षतामा भएको कार्यशाला समापन समारोहमा बोल्दै कुलपति विखर्चीले गण्डकी प्रज्ञा प्रतिष्ठानले निरन्तर रुपमा यस्ता कार्यशालाको आयोजना गर्ने बताउनुभयो। समापन समारोहका प्रमुख अतिथि पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालले आगामी दिनमा समेत प्रतिष्ठानले नाट्य क्षेत्रमा कार्य गर्ने प्रतिवद्धता जनाउनुभयो । अभिनेता तथा निर्देशक खगेन्द्र लामिछानेले कार्यशालामा सहभागी प्रशिक्षार्थीको सिकाइ प्रतिको लगाव तारिफ योग्य रहेको बताउनुभयो। पोखरा थिएटरका अध्यक्ष परिवर्तनले नाटक लेखन कार्यशाला वार्षिक रुपमा सञ्चालन गर्ने बताउनुभयो। यस्ता कार्यशालाले युवा नाटककार उत्पादन गर्न सघाउने उहाँको विश्वास छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले नाटक लेखन कार्यशालामा सहभागीको उत्साह तथा प्रशिक्षकको सहजिकरण गर्ने शैलीबाट प्रभावित भएको सुनाउनुभयो।

कार्यशालामा सहभागी रिता ज्ञवालीले कार्यशालाले नाटक लेख्ने जोश बढेको बताउनुभयो। नाटक लेख्ने प्रोसेसको बारेमा नयाँ ज्ञान थपिएकोले नाटक लेखनमा निखारता थपिने उहाँको विश्वास छ । अर्का सहभागी शरद भण्डारीले जीवनका सबै भन्दा प्रभावकारी कार्यशालाको रुपमा ११ दिने नाटक लेखन कार्यशाला रहेको बताउनुभयो । कार्यशाला मार्फत ज्ञानका कारण नियमित नाटक लेखनमा उर्जा थपिएको सुनाउनुभयो।

कार्यशालामा सहभागी हुनेमा गुल्मीकी रिता ज्ञवाली, झापाकी गीता बुढाक्षेत्री, संखुवासभाकी पत्रिका घिमिरे, हुम्लाका नरेन्द्र बुढाथोकी, कास्कीका शरद भण्डारी, दर्शन कुँवर, अजय जिसी र रोशनी श्रेष्ठ रहेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

देशभरबाट आवेदन दिन मिल्ने गरी खुल्ला रुपमा आवेदन खुलाइएकोमा आवेदन दिने मध्येबाट ८ जनालाई छनोट गरी कार्यशालामा सहभागी गराइएको कार्यशालाका संयोजक एवं गण्डकी प्रज्ञा प्रतिष्ठानका संगीत नाट्य तथा संस्कृति विभाग प्रमुख सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । पोखरा थिएटरको गन्धर्व नाटकघरमा आयोजना भएको समापन समारोहमा स्वागत पोखरा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ कृष्ण प्रसाद भण्डारी र सञ्चालन गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ कृष्ण प्रसाद पौडेलले गर्नुभएको थियो।

# छोम्रोङमा जारी मेलामा बास्केटबल सुरु, आयोजकको विजयी सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङमा जारी २० औ संकरणको ल्होसार सेन्चुरी मेलामा आज (सोमबार) देखि बास्केटबल प्रतियोगिता सुरु भएको छ।



तमु समुदायको पर्व ल्होसारको अवसरमा आयोजित सेन्चुरी मेलामा बास्केटबल र भलिबल प्रतियोगिता सुरु भएको क्लबका अध्यक्ष मिकास गुरुङले बताए। उनका अनुसार बास्केटबल तर्फ ५ खेल सम्पन्न भएका छन् । पहिलो खेलबाट आयोजक टिम 'ए'ले बिजयी सुरुवात गरेको छ । सेन्चुरी भेट्रान्सलाई आयोजक टिम 'ए'ले ५०-२४ ले पराजित गर्यो । यसैगरी दोस्रो खेलमा याङजाकोटले आयोजक टोली 'बी'लाई ३४-१३ ले हराउदै अघिल्लो चरणमा प्रवेश गर्यो । तेस्रो खेलमा सेन्चुरी भेट्रान्सलाई ग्यागोथरले ५६-३१ ले पराजित गर्यो।

यसैगरी चौथो खेलमा आयोजक टोली 'बी'लाई ७९-१६ को फराकिलो स्कोर सहित पराजित गर्दै दोस्रो चरणका लागि स्थान बनायो । यसैगरि भलिबल तर्फ याङ्जाकोटले आयोजक टोली 'बी'लाई २५-१९ २५-२१ को सोझो सेटमा पराजिगत गर्यो।

यसैगरी दोस्रो खेलमा माछापुच्छ्रे युवा क्लबले आयोजक टिम 'सी'लाई २९-३१, २५-१२ २५-१२ को सेटमा हराउँदै दोस्रो चरणमा प्रवेश गर्यो।

मेलाको तेस्रो दिन मंगलबार पनि भलिबल तथा बास्केटबलका बाँकी खेल हुने अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार भलिबल प्रतियोगिताका लागि १४ टिम र बास्केटबलतर्फ १० टिम सहभागि छन्।

दुवै प्रतियोगिताको विजेता टिमले २५ हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउने छन्। भने दोस्रो र तेस्रो हुने टिमले क्रमशः १५ र ८ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ।

# माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स टेनिसमा कमल थापाको दोहोरो जित

पोखरापत्र संवाददाता
बलेवा, १२ पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी १८ औं माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगितामा नेपालका भेट्रान खेलाडी कमल थापाले एकैदिन दोहोरो जित निकालेका छन् । उनले ५५ वर्ष माथिको सिंगल र डबल्स दुवै इभेण्टमा जित हाँसिल गरेका हुन् । सिंगलतर्फको स्पर्धामा थापाले राजकुमार गुरुङ्गमाथि ६-४, ६-० को सहज जित निकाले। सोही उमेर समुहको डवल्समा झ्याम्पा ढुण्डुपलाई साथी बनाएका थापा जोडीले बिदुर बिष्ट र काजी गुरुङ्गको जोडीलाई ६-२, ६-१ को सोझो सेटमा पराजित गर्दै दोश्रो चरणमा स्थान बनाउन सफल भए।



प्रतियोगिता अन्तर्गत सोमबार भएका अन्य खेलहरुमा मेन्स ओपनतर्फ नेपालका शिर्ष वरियता प्राप्त खेलाडी प्रण खनालले प्राञ्जल कायस्थलाई ६-१, ६-२ ले, विष्णु नेपालीले गौरब प्रताप शाहलाई ६-१, ६-३ ले, नेहार जंगबहादुर थापाले प्रमोद बहादुर थापालाई ६-०, ६-० ले, मनोज महर्जनले निशान्त श्रेष्ठलाई ६-०, ६-० ले, अक्कि जुवेन रावतले सौगात विकलाई ६-०, ७-६ ले तथा गोविन्द नेपालीले विवेक मगरलाई ६-०, ६-२ ले पराजित गरे । त्यस्तै उमन्स सिंगलतर्फ सलोनी तामाङ्गले रायना शाहलाई ६-४, ६-३ ले, शर्भानी श्रेष्ठले प्रकृती श्रेष्ठलाई ६-२ ६-० ले, भगवती विकले श्रेया भट्टराईलाई ६-३, ६-३ ले तथा गंगा शर्माले सुभांगि लक्ष्मी शाहलाई ६-१, ६-३ ले पराजित गरिन् । ३५ वर्ष माथिको पुरुष एकलतर्फ सन्तोष खत्रीले कमल भण्डारीलाई ३-६, ६-३ र सुपरटाईमा १०-६ ले, दावा शेर्पाले विकास गुरुङ्गलाई ६-०, ६-१ ले, सञ्जय कुमार श्रेष्ठले प्रकाशराज वाग्लेलाई ६-४, ६-१ ले, भिष्म गुरुङ्गले सबर मियालाई ६-०, ६-० ले, नविन श्रेष्ठले सोम मगरलाई ७-६, ६-२ ले, निरज थापाले मदन थापालाई ६-१, ६-१ ले, सिमान्त गुरुङ्गले लक्ष्मण तामाङ्गलाई ६-७, ६-३ र सुपरटाईमा १०-१ को जित निकाले । ४५ वर्ष माथिको एकलमा चन्द्र शाहीले सुकमान तामाङ्गलाई ६-२, ६-० ले, धरमसिंह लामिछानेले यज्ञबहादुर भण्डारीलाई ६-३, ६-२ ले, उत्तम लामाले रोहित सुनुवारलाई ६-४, ६-३ ले, उत्तम बोगटीले सुक्र शेरचनलाई ६-१, ६-० ले, विनोद कायस्थले गोपीबहादुर भट्टराईलाई ६-३, ३-६ र सुपरटाईमा १०-७ ले, शिव सेढाईले मनोज श्रेष्ठलाई ६-१, ६-० ले तथा हुम आलेले विकास गुरुङ्गलाई ३-६, ६-३ र सुपरटाईमा १०-७ ले तथा विमल गुरुङ्गले शरण गुरुङ्गलाई ६-१, ६-० ले पराजित गरेका छन्। ३५ वर्ष माथिको डवल्समा कमल भण्डारी र यज्ञ भण्डारीको जोडीले प्रकास वाङ्गेल र इन्द्र गुरुङ्गलाई ६-२, ६-२ ले, सिमान्त गुरुङ्ग र भिष्म गुरुङ्गको जोडीले निरज थापा र विकास गुरुङ्गलाई ६-२, ७-५ ले, राजन पौडेले र नविन श्रेष्ठको जोडीले सुकमान तामाङ्ग र दुर्गा केसीलाई ४-६, ६-४ र सुपरटाईमा १०-६ ले पराजित गरे । प्रतियोगिता अन्तर्गत ४५ वर्ष माथिको डवल्समा नविन चालिसे र बिरेन्द्र लामाको जोडीले पदम गुरुङ्ग र राजकुमार घिमिरेको जोडीलाई प्रतिस्प्रधात्मक खेलमा ६-४, ५-७ र सुपरटाईमा १०-४ ले पराजित गरे । निरेश श्रेष्ठ र गोपालदास मानन्धरको जोडीले केवी थापा र अमृत कार्कीको जोडीलाई ६-४, ४-६ र सुपरटाईमा पराजित गरे। ५५ वर्ष माथिको डवल्समा मनोज राणा र राम रानाको जोडीले विष्णु गुरुङ्ग र शान्ता श्रेष्ठको जोडीलाई सहज जित निकाल्न सफल भए। प्रतियोगिता अन्तर्गत मंगलबार पनि विभिन्न उमेर समुहमा प्रतिस्पर्धा हुने टुर्नामेण्ट डाइरेक्टर राजन पौडेलले जानकारी दिए।

# महासंघ कास्कीको माग अन्नपूर्ण संरक्षित क्षेत्र खारेज गर

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

सामुदायिक वन उभोक्ता महासंघ नेपाल कास्कीले संघीय वन ऐन एवम् नियमावलीका साथै अन्नपूर्ण संरक्षित क्षेत्र आयोजना(एक्याप) खारेज गर्न माग गरेको छ।



महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले डिभिजन वन कार्यालय कास्कीका निमित्त प्रमुख शालिग्राम पौडेललाई ज्ञापनपत्र बुझाउँदै संघीय वन नियमावलीको मस्यौदाको नियम २३(३) मा सामुदायिक वनको ५० प्रतिशत काठ जिल्ला वन पैदावार आपूर्ति समितिमा उपलब्ध गराउनु पर्ने व्यवस्था तत्काल खारेज गर्न माग गरिएको छ । ज्ञपनपत्रमा भनिएको छ, उपभोक्ताको हित विपरित रहेको अन्नपुर्ण संरक्षिणत क्षेत्र आयोजना (एक्याप) को म्याद नथप्न माग गर्दै प्राकृति श्रोत साधनको उपयोग गर्न तत्काल समुदायमा आधारित वन व्यवस्थापन पद्धति लागु गर्नुको विकल्प छैन।

गण्डकी प्रदेशमा असफल प्रमाणीत भएको चाक्ला बन र साझेदारी वनको अवधारणालाई निर्माण गरिने प्रदेश वन ऐन मम्यौदानमा खारेज गरिनुपर्ने, सामुदायिक वनहरु र सरकारको संयुक्त लगानीमा वनमा आधारित गौरवको आयोजना एवम उद्यम सञ्चालन गरि हरित रोजगारी सिर्जना गर्ने वातावरण तयार हुनु पर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ । अन्नपूर्ण संरक्षित आयोजना (एक्याप) लाई गण्डकी प्रदेश सरकारको मातहतमा ल्याई समुदायमा आधारित व्यवस्थापन प्रणाली लागु गर्नुपर्नेमा जोड दिंदैं राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण एने २०२९ तत्काल खारेज गरि सामुदायको सहभागितामा नयाँ ऐन बनाएर लागु गर्न पेश गरिएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। नेपाल सरकारले बैज्ञानिक वन व्यवस्थापन प्रणालीलाई खारेज गरेकोमा धन्यवाद दिंदै वन उपभोक्ता समुहको परम्परागत ज्ञान र सिपको भरपुर प्रयोग गर्दै वनको सघन रुपमा व्यवस्थापन गर्ने खालको अधिकार मुखी दिगो वन व्यवस्थापन पद्धतिमा आधारित दिगो वन व्यवस्थापन मापदण्ड तत्काल कार्यान्वयन गर्नपर्नेमा जोड दिइएको छ।

सामुदायिक वन उपभोक्ता समूहक कार्यायोजनाको अवधी सकिए पश्चात नियमति परिमार्जन गर्ने कार्यका लागि डिभिजन वन कार्यालयबाट प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराई वनको संरक्षण, प्रवर्द्धन र उपयोगमा सहज बातावरण सृजना गर्नुपर्नेमा ज्ञापनपत्रमा उल्लेख छ।

निमित्त प्रमुख पौडेलले ज्ञापनपत्र ग्रहण गर्दै प्राकृति श्रोतमा स्थानीय जनताको अधिकार स्थापित गर्न कार्यालयको तर्फवाट गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाईने प्रतिवद्धता व्यक्त गर्दै ज्ञापनपत्रलाई सम्वन्धित निकायमा पठाईने जानकारी दिनुभयो। सो अवसरमा सामुदायिक वन उभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य हरिप्रसाद बास्तोला, प्रदेश स्थायी समिति सदस्य दिनेश श्रेष्ठ, वन महासंघ पोखरा महानगर प्रमुख जिल्ला पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरूः**

**बाथ रोगः** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिसः** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्नेः** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सर्म्पकः**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**

**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# दिल्लीको अवस्था नआओस

भारतको राजधानी नयाँ दिल्लीसहित विभिन्न राज्यमा कोरोना भाइरसको नयाँ प्रकारको ओमीक्रोन भेरिअन्ट फैलिने क्रम केही बढेपछि रात्रिकालीन कर्फ्यूसहित विभिन्न प्रतिबन्धात्मक व्यवस्थाहरू घोषणा गरिएको छादिअल्लीमा २४ घण्टाको अवधिमा ओमिक्रोन संक्रमण भएका थप २९० जना फेला परेको विवरण आएको छ। भारतमा अहिले ओमिक्रोनबाट ५७८ जना संक्रमित भएको पुष्टि भएको छ। दिल्लीबाहेकका अन्य राज्यमा पनि भिडभाड हुने स्थलमा कडिकडाउ सुरु गरिएको बताइएको छ। विगतमा कोभिड भारतमा 'फैलिएको केही सातापछि नेपालमा पनि फैलिएको पाइएका कारण' भारतको अवस्थालाई नजिकबाट नियाल्नुपर्ने अवस्था आएको छ।

नेपालमा कोरोनाभाइरसको ओमिक्रोन भेरिअन्टबाट थप एक व्यक्ति सङ्क्रमित भैटिएको छ । ओमिक्रोन नियन्त्रण गर्न खोपको तीन मात्रा 'आवश्यक' अहिले नै नेपालमा प्रतिबन्धात्मक व्यवस्था कायम गर्नुपर्ने स्थिति नभएको रहे पनि 'भविष्यमा समयानुकूल निर्णय लिनुपर्ने हुनसक्ने' विज्ञहरूले बुझाइ छ। भारतमा संक्रमण बढ्दै गएपछि नेपाल प्रत्यक्ष प्रभावित हुने अवस्था हुन्छ। यस्तोमा अझ बढी परीक्षणहरू, सीक्वन्सिङ र यो सँगसँगै जनस्वास्थ्यका मापदण्डहरू पालना हुने खालका क्रियाकलाप बढाउनु पर्छ । खुला सिमानाका कारण नेपालले बढी सावधानी अपनाउन ढिला गर्नुहुँदैन । कोभिड-१९ को खोपलाई तीव्रता दिनेगरी काम गर्नुपर्नेमा बेला सिरिन्जको अभावमा बालबालिकालाई दिने खोप स्थगित भएको छ। यो सरकारको हेलचक्राँइ हो। भारतमा कोरोनाभाइरसको पहिलो लहरका क्रममा संक्रमण उत्कर्षमा पुगेको एक महिनापछि नेपालमा पनि संक्रमितको संख्या उच्च भएको थियो।

दोस्रो लहरका बेला अझ चाँडो त्यसो भएको थियो। भारतमा अवस्था जटिल भएको १५ देखि २० दिनमा नेपाल पनि अप्ठेरो अवस्थामा पुगेको थियो । अहिलेको भेरिअन्ट दोस्रो लहरको भेरिअन्टभन्दा बढी संक्रामक भएको हिसाबले संक्रमण यहाँ बढ्न धेरै समय लाग्ने अवस्था हुँदैन। नेपालले अनुमान गरेरै तयारी गर्नु आवश्यक छ। नेपालमा गत सप्ताहान्त क्रिसमसको उत्सवका क्रममा काठमाण्डूसहित प्रमुख सहरमा ठूलो भिडभाड देखिएको थियो । आगामी सप्ताहान्तमा अङ्ग्रेजी नववर्षको अवसरमा भिडभाड हुने खालका विभिन्न कार्यक्रमहरू हुन लागेका छन् । यस्तो अवस्थामा संक्रमण सहजै एक ठाउँबाट अर्को ठाउँ फैलिने वातावरण बनेको छ । त्यसलाई रोक्न नसके दिल्लीको नियति भोग्नुपर्ने हुनसक्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मन चञ्चल | धनु | : आर्थिक समस्या |
| कर्कट | : शारीरिक झमेला | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# हाटबजार सञ्चालन गर्ने उद्देश्यले मेला

**पोखरापत्र संवाददाता**
**तनहुँ, १२ पुस**

व्यासनगरपालिका-१ हाइस्कुलटारस्थित नवयुवा क्लबको आयोजनामा प्रथम खेलकूद तथा सांस्कृतिक मेला हुने भएको छ। यही पुस १५, १६ र १७ गते मेला हुनेछ। महिनाको कम्तीमा एक दिन हाटबजार सञ्चालन गर्ने उद्देश्यले पहिलो कार्यक्रममा खेलकूद र सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको क्लबका अध्यक्ष सनम तामाङले जानकारी दिनुभयो। स्थानीयस्तरमा उत्पादित बस्तु ताजा र सुलभ मूल्यमा उपभोक्तालाई उपलब्ध गराउने उद्देश्य रहेको उहाँले बताउनुभयो। मेलाबाट आएको मुनाफाले वडाको सामाजिक कार्यमा खर्च गर्ने योजना छ । मेलाको लागि रु आठ लाख सङ्कलन गर्ने लक्ष्य राखिएकोमा हालसम्म देशविदेशबाट र बोलकबुलसहित रु साढे सात लाख आर्थिक सङ्कलन भएको उहाँले बताउनुभयो । देश विदेशबाट सहयोग आउने क्रम पनि जारी रहेकाले लक्ष्यअनुरुप रकम सङ्कलन हुने विश्वास गरिएको छ। आयोजकले कुनै पनि शुल्क नलिने भएकोले सम्बन्धित व्यवसायीले आफ्नो तरिकाले व्यवसाय गर्न पाउनेछन्।

# बागलुङमा नेपाल निवृत्त शिक्षक समाज गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ पुस**

लामो समय शिक्षण पेशामा संलग्न रही निवृत्तभरण प्राप्त बागलुङ जिल्लाका शिक्षकहरुको एक भेलाले हालै टिकाराम सापकोटाको अध्यक्षतामा १८ सदस्यीय नेपाल निवृत्त शिक्षक समाजको जिल्ला कार्य समिति गठन गरेको छ।

उक्त समितिको उपाध्यक्ष द्वयमा हरिप्रसाद लामिछाने र गण्डकी थापा, सचिवमा चूडामणि शर्मा पौडेल, कोषाध्यक्षमा हेम गौतम, सह सचिवमा नुनुमाया क्षेत्री, सदस्यहरुमा क्रमशः भीमबहादुर खड्का, रविप्रसाद शर्मा, चूडामणि शर्मा आचार्य, हीरा केसी, रत्ना खड्का, ममतादेवी शर्मा, मेघराज ढकाल, बमबहादुर खड्का, हर्कबहादुर पाण्डे, सकसबहादुर क्षेत्री, सकुन्तला शर्मा र नन्दलाल सापकोटा रहुनु भएको छ। ३ सदस्य पछि मनोनित हुने गरी गठित उक्त समितिको सल्लाहकारमा जगन्नाथ आचार्य र कमलकमार जोसी रहनु भएको छ । ज्येष्ठतम् शिक्षक मेघराज पाण्डेयको सभापतित्व र नेपाल निवृत्त शिक्षक समाजका केन्द्रिय उपाध्यक्ष एवं गण्डकी प्रदेशका संयोजक तोयनाथ लामिछानेको प्रमुख आतिथ्यतामा बागलुङ बजारको शिवधारा चोक स्थित होटल सितल एण्ड पार्टि प्यालेसमा सम्पन्न उक्त भेलामा बागलुङ जिल्लाकी संघीय सांसद मनकुमारी के.सी.जी.सी.ले निवृत्त शिक्षकहरुका समस्या समाधानमा सहयोग गर्नुका साथै विकास निर्माणका काममा निवृत्त शिक्षकहरु सँग सहकार्य गर्ने कुराको प्रतिबद्धता जनाउनु भएको थियो । वडा अध्यक्ष चित्राकुमारी श्रीस र शिक्षक युनियनका भूतपूर्व अध्यक्ष जगन्नाथ आचार्यले भेलाको पूर्ण सफलताको शुभकामना ब्यक्त गर्नु भएको थियो ।

# टोड्केमा व्यावसायिक मुलाखेती विस्तार

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १२ पुस**

उत्तरतर्फ हात फैलाउदा छोइन्छकी झैं नजिकै देखिने धवलागिरि, नीलगिरि, गुर्जालगायतका आधादर्जन बढी हिमशृङ्खला । पूर्वतर्फ मोहोडा भएको टोड्के हिल रिसोर्टको माथिल्लोपट्टी भिरालो जमिनमा मौलाएको मुलाखेती । हिमाललाई पृष्ठभूमिमा पारेर सेल्फी खिच्न र टिकटक बनाउन झुम्मिएका आन्तरिक पर्यटक । यतिबेला म्याग्दीको पर्यटकीय क्षेत्र टोड्केमा यस्तै रोमाञ्चक दृश्य देख्न पाइन्छ।

टोड्केमा पछिल्ला वर्ष मुलाखेती राम्रैसँग फस्टाएको छ । यहाँ स्थानीय जातको सेतो र रातो रङको मुला लगाइन्छ । स्थानीयले बाबुबाजेको पालादेखि लगाउँदै आएको मुलाखेतीलाई अहिले पनि निरन्तरता दिएका छन् । यहाँ जम्मा पाँच घरधुरीको बसोबास छ । ती परिवारले उत्पादन गरेको मुला नेपालका विभिन्न सहरमा मात्रै होइन धजरा, गुन्द्रक, चाना र सुकुटी बनेर कोसेलीको रुपमा युरोप अमेरिकासम्म पनि पुगेको स्थानीय किसान तीजमाया पाइजाले बताउनुभयो । टोड्केवासीको मुख्य पेशा मुला तथा आलुखेती हो। स्थानीयवासीले मुला, आलु र फापरको साथमा भेडापालन गर्छन्। भैंसी र भेडाको मल हालेर उत्पादन गरिने हुँदा स्थानीय मुला खोज्दै ग्राहक किन्न आउने गरेको पाइजाले बताउनुभयो। उहाँका अनुसार एक परिवारले एक मौसममा उत्पादित मुला बेचेर झण्डै लाख रुपैया आम्दानी गर्दछन्। चिसो हावापानी, स्थानीय उत्पादन र पर्यटकको रोजाइँका कारण स्थानीय जातको मुलाले टोड्केको पहिचान बनाएको हो । टोड्के धौलागिरि क्षेत्रमै मुलाखेतीका लागि प्रसिद्ध मानिन्छ। जिल्लाको बेनी नगरपालिका, मङ्गला र रघुगङ्गा गाउँपालिकाको सङ्गमस्थलमा अवस्थित टोड्केमा परम्परागत रुपमा स्थानीय जातको मुला लगाउने गरिएको छ । हिउँद र वर्षामा मुलाखेती गर्न सकिन्छ । टोड्केमा एकै मौसममा उत्पादित मुला वर्ष दिनसम्म खान पुग्छ। आफूहरुले बाजेको पालादेखि नै स्वर्गद्वारीबाट मुलाको बीउ लिएर लगाएको र अहिले पनि तीन रोपनीमा मुलाखेती गरेको पाइजाले बताउनुभयो। मुला किन्न आउनेलाई बारीमै ठूलो मुलालाई ५० र सानालाई २५ रुपैयाँमा बेचिन्छ।

# 'ज्येष्ठ नागरिकका समस्या बुझिदिनुस्'

**रासस**
**बागलुङ, १२ पुस**

ज्ञान, सीप र अनुभवका खानी ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापनमा राज्य सहयोगी बन्नुपर्ने आवाज उठेको छ। प्रथम ज्येष्ठ नागरिक राष्ट्रिय दिवसका अवसरमा यहाँ आयोजित समारोहमा बोल्ने वक्ताले अहिले पनि ज्येष्ठ नागरिकका हकअधिकार कुण्ठित भइरहेको बताएका हुन्।

ज्येष्ठ नागरिकका पक्षमा राज्यले ल्याएका ऐन, कानून पनि प्रभावकारी नभएकामा उनीहरुको गुनासो छ । ज्येष्ठ नागरिक जिल्ला सङ्घका आजीवन सदस्य चयनकुमारी श्रेष्ठले राज्य, समाज र परिवारले ज्येष्ठ नागरिकका समस्या बुझिदिन आग्रह गर्नुभयो । "देउता समान ज्येष्ठ नागरिक परिवारबाट एक्लिँदै गएका छन्, राज्यले प्रदान गर्ने सेवा, सुविधा, छुट र आरक्षण पनि सहीरुपमा कार्यान्वयन हुन सकेको छैन", सङ्घद्वारा आयोजित समारोहमा उहाँले भन्नुभयो। श्रेष्ठले ज्येष्ठ नागरिकले अस्पतालमा समेत लाममा उभिएर सेवा लिनुपर्ने स्थिति रहेको दुःखेसो पोख्नुभयो।

नेपाल सरकारका पूर्वकर्मचारी ७५ वर्षीय बुद्धिबहादुर केसीले ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाका लागि मासिक भत्ता दिइए पनि त्यो प्राप्त गर्ने प्रक्रिया भने ज्येष्ठ नागरिकमैत्री नभएको बताउनुभयो। "भत्ता बुझ्न लठ्ठी र अरुको सहायताले बैंक धाउनुपर्ने बाध्यता छ, ज्येष्ठ नागरिक कति त हस्ताक्षर गर्न पनि नजान्ने हुनुहुन्छ, उपयुक्त नीति र विधि बनाएर उहाँलाई घरघरै भत्ता पुऱ्याइदिने व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो।

स्थानीय तहहरुले त्यसको प्रबन्धका लागि पहल लिनुपर्ने केसीको सुझाव छ। उमेर, मानसिक, शारीरिक आदि कारण बुढ्यौली अवस्था संवेदनशील हुने भएकाले ज्येष्ठ नागरिकको जीवनयापनका लागि उचिव वातावरण चाहिने उहाँको भनाइ छ । "जीवनको उत्तरार्धमा चाहिने भनेको आनन्द र शान्ति हो, हाम्रा ज्येष्ठ नागरिकका लागि त्यसैअनुसार वातावरण बनाइदिनुपर्छ", केसीले भन्नुभयो।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा २०७८/०८/१ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नाम: बोधनारायण श्रेष्ठ**
**विमा लेख नं.: १३०००४७७५**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोन: ९८५६०२१९५८**


## पोखरा महानगरपालिका कार्यालयको अत्यन्त जरूरी सूचना

पोखरा महानगरपालिका वडा नं. १९, लामाचौर, तल्लो अकला कि. नं. २०४१ क्षेत्रफल १३१.१४ वर्ग मि. को जग्गामा पूर्व कि.नं. १४६७ (भवानी प्रसाद), ४२९ (ऋषि गौतम), पश्चित कि. नं. बाटो, उत्तर कि.नं. ४३५, दक्षिण कि.नं. २०४२ (राम बहादुर गुरुङ) यति चार किल्लाभित्रको उजेली तामाङको हकभोगका जग्गामा घर निर्माण गर्दा तपाई साँधसदियारा, विद्यालय, अस्पताल तथा अन्य वातावरणीय प्रदुर्षण हुन्छ/हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा लिखित उजुरी दिनुहोला अन्यथा निवेदनको माग बमोजिम कारवाही अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराईन्छ।

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Re-invitation for Bids

**Second date of Publication: 28thDecember, 2021**

1. Phedikhola Rural Municipality, Syangja has allocated funds towards the cost forProcurement of 4WD Vehicle for Ambulance to Phedikhola Rural Municipality in Custom/Tax Free Processand intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-G-NCB-30-PV-078-79. The estimated cost of the vehicle is NRs. 2,000,000.00(Including Transportation, VAT &other Taxes). Re-bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjainvites sealed and or electronic bids from eligible bidders for the Procurement of 4WD Vehicle for Ambulance to Phedikhola Rural Municipality in Custom/Tax Free Processunder National Competitive Bidding procedures specified in public procurement act and regulations.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature: Successfully or substantially supply of 1 vehicles to the government or governmentowned agencies with minimum cost of NRs. 1,600,000.00 (Excluding VAT)within the last three years.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www. phedikholamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of bidding documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate upon payment of a non-refundable fee of NRs. 3000.00 during office hour of 26 January, 2022.
   OR
   A complete set of bidding documents may be downloaded from PPMO website www.bolpatra.gov. np/egp. In e-submission, bidder should deposit cost of bid documents (Non-refundable fee of NRs. 3000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
   Office Account Number: 06500308CA; AantarikRajaswaKhata (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjaby handor through PPMO website www.bolpatra.gov. np/egpon or before 12:00hrs on 27-January-2022. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 hrs on 27-January-2022 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security in case of hard copy submission or scanned copy of bid security (in pdf format) in case of e-bid,amounting to a minimum of NRs.50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjahas right to accept or reject the submitted bids wholly or partially.

